१८५८ | 1401

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

निर्णय नं. १४०१

जिल्ला कैलाली, प्रतापपूर गा. वि. स. वडा नं. ७ घर भई हाल श्री मदन स्मारक मा. वि. पुल्चोक, ललितपुरमा पदस्थापन गरिएकी शिक्षिका पुष्पा बोगटी (कार्की) ..................................१ पुनरावेदक

**विरुद्ध**

विभागीय प्रमुख, शिक्षा विभाग, सानोठिमी भक्तपुर ........................................................१ विपक्षी

कोषराज पनेरु, तत्कालिन जिल्ला शिक्षा अधिकारी, कैलाली

का. मु. जिल्ला शिक्षा अधिकारी

विद्यालय व्यवस्थापन समिति, श्री सरस्वती नि. मा. वि. शान्तिनगर, धनगढी, कैलाली

**विषय :- सूचनादाताको संरक्षण गरी क्षतिपूर्ति उपलब्ध गराउनू भनिएकोमा क्षतिपूर्ति उपलब्ध गराएकोले तामेलीमा राख्ने ।**

जिल्ला कैलाली, प्रतापपूर गा. वि. स. वडा नं. ७ घर भई हाल श्री मदन स्मारक मा. वि. पुल्चोक, ललितपुरमा पदस्थापन गरिएकी शिक्षिका पुष्पा बोगटी (कार्की)ले आफ्नो विद्यालयको गैह संवैधानिक अनियमित कार्यको सूचना संचार माध्यममा दिएकै आधारमा निजलाई कारवाही गरी हाजिर नगराएको तथा पछि सरुवा समेत गरेको र तलव भत्ता समेत उपलब्ध नगराएको भनी सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा २९ बमोजिम सूचनादाताको संरक्षण गरी रोकिएको तलव भत्ता समेत उपलब्ध गराई पाउँ भनी मिति २०६६।०५।०९ मा आयोग समक्ष निवेदन गरेको । उक्त निवेदनको सम्वन्धमा यस आयोगको मिति २०७१।०३।२९ को आदेश कार्यान्वयनको लागि च. नं. १२९८ पु. च. नं. ६०० मिति २०७१।०३।३२ को पत्रवाट विभागीय प्रमुख, शिक्षा विभाग, सचिव, शिक्षा मन्त्रालय, का. मु. जि. शि. अ., कैलाली, सरस्वती नि. मा. वि. विद्यालय व्यवस्थापन समिति, कैलाली, श्री सरस्वती नि. मा. वि., कैलालीलाई लेखी गएको । तत् पश्चात सम्वन्धित निकायहरुले विभिन्न मितिमा पत्राचार गरिएको बोधार्थ पत्र प्राप्त भएको । मिति २०७१।१०।०२ मा निवेदकले आयोगको आदेश कार्यान्वयन नभएको भनी सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा २९ बमोजिम सूचनादाताको संरक्षण गरी रोकिएको तलव भत्ता समेत पाउँ भनी पुन: उजुरी गरेको । तत् पश्चात आयोगको पु. च. न. ६९८ मिति २०७१।११।२७ को पत्रवाट आदेश कार्यान्वयनको ताकेता सम्वन्धमा पत्र लेखी गएको । मिति २०७१।१२।२५ मा निवेदकले आयोगको आदेश कार्यान्वयन नभएको भनी पुन: उजुरी गरेको । उक्त उजुरी पश्चात आयोगको ७ दिन भित्र आदेश

कार्यान्वयन गरी प्रगति पठाउने पत्र लेखी गएको । उक्त पत्राचार पश्चात निवेदकले तलब भत्ता पाएको भनी यस आयोगमा जानकारी प्राप्त भएको देखिन्छ । यस कुरालाई जिल्ला शिक्षा कार्यालय, कैलालीको मिति २०७२।०५।०८ को पत्रले पनि पुष्टी गरेको छ । तत पश्चात पुनरावेदकले आफूलाई आवश्यक कुनै बाँकी सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी नगराएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वयले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाईन वा क्षतिपूर्ति पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल असार ३१ गते रोज ६ शुभम् ।